# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
३ नं. प्रदेश, नेपाल
Province No. 3, Nepal

Telephone 01-1412112, 01-1412113, 01-1412114


प.सं.: ०७६/७७ मितिः २०७६/१२/११

च.नं.: १६६८

**सूचना! सूचना!! सूचना!!!**

विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड–१९) को संक्रमण नियन्त्रण र रोकथामका लागि नेपाल सरकारले मिति: २०७६/१२/११ गते देखि लकडाउन घोषणा गरेको कुरा विदितै छ। यस नगरपालिका क्षेत्र भित्र समेत संक्रमण हुनसक्ने संभावनालाई मध्यनजर राखी समयमै नियन्त्रण तथा रोकथामका उपायहरु अवलम्वन गर्ने सिलसिलामा अर्को सूचना नभएसम्मका लागि निम्नानुसारका कार्यहरु नगर्न नगराउन सम्बन्धित सबैमा सूचित गरिन्छ । यस सूचनामा उल्लेखित निषेध गरिएका कार्यहरु गरे गराएको पाइएमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल:**

१. खाद्यान्न, पानी, तरकारी, दुध, फलफूल, औषधी, इन्धन जस्ता दैनिक उपभोग्य अत्यावश्यक सामग्रीहरु बाहेकका सम्पूर्ण पसल व्यवसायहरु नखोल्न एवं बन्द गर्न हुन ।

२. नगरपालिका क्षेत्र भित्र पर्ने कुन्ता, नगरकोट, सिपाघाट लगायतका मूख्य बजारहरु र अन्य क्षेत्रहरुमा रहेका सम्पूर्ण होटल, चिया चमेना गृह, नास्ता पसल लगायतका मानिस जमघट हुने व्यवसाय तथा पसलहरु बन्द गर्न हुन ।

३. नगरपालिका क्षेत्र भित्र मानिसहरुको भेला गरी संचालन गरिने सम्पूर्ण मिटिङ्ग, बैठक, भेला, गोष्ठी आदि नगर्न नगराउन हुन ।

४. सम्पूर्ण नागरिकहरु अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्कन, भेला, जमघट नगर्न, भिडभाड नगर्न, एक ठाँउमा भेला भई छलफल, अनावश्यक गफगाफ नगर्न, नगराउन हुन ।

५. अत्यावश्यक काममा बाहेक घरबाट अन्यत्र आवतजावत नगर्न, अन्यत्रबाट गाँउमा आएका मानिसहरुको सम्पर्कबाट टाढै रहन हुन ।

६. विदेशबाट आएका कुनै व्यक्तिहरु भएमा तुरुन्तै नजिकको क्वारेन्टाइनमा लैजान हुन । संक्रमण नभएको व्यक्तिले समेत क्वारेन्टाइनमा बस्न हुन र कोरोना संक्रमण भएको शंका भए तुरुन्तै तोकिएको स्वास्थ्य संस्थामा जान हुन ।

७. नेपाल सरकार तथा प्रदेश सरकारबाट भए गरेका सम्पूर्ण निर्णयहरु कार्यान्वयन गर्न गराउनु हुन ।

८. कुनै पनि स्वास्थ्य सम्बन्धी समस्या आएमा तुरुन्तै नजिकको स्वास्थ्य सहायता कक्ष तथा स्वास्थ्य संस्थामा सम्पर्क गर्न हुन ।

२०७६/१२/११

(प्रणराज न्यौपाने)

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत